# वैदेशिक रोजगारीबाट फर्कने हरेक व्यक्तिको कथा उत्थानशीलता, पुन:एकीकरण र नयाँ सुरुवातको कथा हो

दशकौँदेखि नेपालीहरू रोजगारीको राम्रो अवसरको खोजीमा विदेश जाने गरेका छन्। हरेक वर्ष **सात लाख ५० हजार** भन्दा बढीले वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिन्छन्, र **धेरैजसो व्यक्ति दुईदेखि तीन वर्ष विदेश बसेर नेपाल फर्किन्छन्।**

घर फर्कँदा उनीहरूसँग अवसर र अनिश्चितता दुवै सँगै आएको हुन्छ। त्यसैले उनीहरूलाई स्थिर जीवन, इज्जत र सही बाटो पुन:निर्माण गर्न पुन:एकीकरण सहयोग जरुरी हुन्छ।



नेपाल र स्विजरल्याण्ड सरकारको द्विपक्षीय पहल र हेल्भेटास नेपालको प्राविधिक सहयोगमा सञ्चालित **वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिको पुन:एकीकरण (रेमी) परियोजना** ले यस यात्रालाई सुरक्षित, मर्यादित र  दिगो बनाउन मद्दत गर्दछ।

# संक्षिप्त झलक

वैदेशिक रोजगारीबाट फर्कने व्यक्तिहरूको अनुभव फरक–फरक भए तापनि सबैको कथामा साझा सङ्घर्ष, आशा र दृढ सङ्कल्प देखिन्छ।

धेरैजसो पुरुष छन्, मुख्यगरी कोशी, मधेश, लुम्बिनी र सुदूरपश्चिम प्रदेशबाट बढी छन्। वैदेशिक रोजगारमा जाने महिलाको सङ्ख्या पनि बिस्तारै बढ्दो छ।

घरगाउँमा रोजगारीका न्यून अवसर, पारिवारिक ऋण र अपेक्षाले धेरै मानिस वैदेशिक रोजगारमा जान बाध्य हुने गरेका छन्।

**पुनः वैदेशिक रोजगारमा धकेल्ने तत्वहरू रेमी परियोजना** ले गरेको अनुसन्धानले वैदेशिक रोजगारबाट फर्केका व्यक्ति को हुन्, कहाँबाट हुन् र उनीहरूको वैदेशिक यात्राबाट नेपाल फर्किनेसम्मको यात्रा कसरी तय हुन्छ र के-के कुराले प्रभावित गर्छ भन्ने कुरा देखाएको छ।

घर फर्केका नेपालीहरू बढीजसो **मध्यपूर्वका देशहरू र मलेसिया** मा काम गरेर आएका हुन्, जहाँ धेरैजसोले न्यून तलबको श्रम बढी गर्नुपर्ने रोजगारीमा थिए।



चित्र : नेपाली कामदारहरू सबैभन्दा बढी कुन-कुन देशमा जान्छन् भन्ने नक्सा

वैदेशिक रोजगारीबाट फर्कनेहरूको **औसत उमेर** लगभग ४० वर्ष छ (सबैभन्दा कम २० वर्ष र बढीमा ६० वर्षसम्मका)।

**वैवाहिक स्थिति**

वैदेशिक रोजगारीबाट फर्केका मध्ये करिब ९० प्रतिशत विवाहित छन्; आफ्नो परिवार, छोराछोरी र आमा-बुबाप्रति उनीहरूको ठूलो दायित्व छ।

घर फर्कनेमध्ये धेरैजसो आफ्नो **इच्छाविपरीत** फर्केका हुन्छन्, मुख्य कारणहरू हुन् :

- **करार सम्झौता सकिनु**
- **देश निकालामा पर्नु**
- **कामबाट हटाइनु**

धेरै व्यक्ति
**२-३ पटक विदेश गइसकेका,**
र ४-६ वर्षको समय बिताएका हुन्छन्।

**वैदेशिक रोजगारका अनुभव फरक–फरक हुन्छन्, फलस्वरूप घर फर्किने र पुन:एकीकरण हुने अनुभवहरू पनि जटिल र फरक हुन्छन्।**

**पुन:एकीकरण सहयोगमा सबैका लागि एकै प्रकारको उपायले काम गर्दैन।**

# पुन:एकीकरण को महत्व

पुन:एकीकरण भनेको आप्रवासनको अन्त्य होइन; यो विकास सुरु हुने बिन्दु हो।

पुन:एकीकरणले वैदेशिक रोजगारलाई नेपालको समृद्धि र आर्थिक विकाससँग जोड्छ।

दिगो पुन:एकीकरणले आत्मसम्मान, स्थिरता र आफ्नोपन पुनर्स्थापित गर्छ, जसले नेपालको अर्थतन्त्रमा सामाजिक र आर्थिक दुवै रूपमा योगदान पुऱ्याउँछ।

रेमिटेन्सले नेपालको अर्थतन्त्रमा ठूलो योगदान गर्छ - **यसको आकार कुल गार्हस्थ उत्पादन (जीडीपी) को करिब २७% बराबर हुन्छ**। तर पनि वैदेशिक रोजगारीबाट फर्केका धेरैले प्राय: **रोजगारी वा कमाइको न्यून अवसर, पारिवारिक सम्बन्धमा विखण्डन, एक्लोपन र सामाजिक तिरस्कारको अनुभव गर्छन्।**

(विश्व बैंक, सन्, २०२३)

**आर्थिक पुन:एकीकरण**

विदेशको अनुभवलाई नेपालमा जागिर, आफ्नै पेसा-व्यवसाय वा मान्यताप्राप्त सीपमा बदल्नु ।

- महिनाको न्यूनतम पारिवारिक आम्दानी रू. ५७,००० बनाउने
- घर फर्केको ६ महिनाभित्र कमाइको बाटो शुरू गर्ने
- यो आम्दानी कम्तीमा ३ वर्षसम्म टिकाउने

**सामाजिक पुन:एकीकरण**

समाजमा सम्मान, सुख-शान्ति र मर्यादित जीवनका साथ आफ्नोपन पुनर्स्थापित गर्नु, खासगरी महिलाहरूका लागि।

नेपालमा सरकारले पूर्णसमय काम गर्ने श्रमिकको न्यूनतम तलब प्रतिमहिना रू. १९ हजार ५५० तोकेको छ (२०८२ साउन १ गतेबाट लागू हुने गरी)। वैदेशिक रोजगारीबाट फर्कने धेरैजसो व्यक्तिले विदेशमा काम गर्दा यस रकमभन्दा बढी कमाएका हुन्छन्, तसर्थ सफल आर्थिक पुन:एकीकरण नेपालमा हुने कमाइले औसत जीवनयापन खर्च थेग्न वा त्योभन्दा बढी कमाइ गर्न सकिन्छ-सकिँदैन भन्ने कुरामा निर्भर रहन्छ।

नेपाल राष्ट्र बैंकले, मुद्रास्फीतिलाई ध्यानमा राखी, सन् २०१६ मा गरेको अनुमानअनुसार, सन् २०२४ मा एक परिवारलाई जीवनयापन खर्च चलाउन औसत मासिक आम्दानी करिब ५७ हजार ७४९ रुपैयाँ आवश्यक पर्छ र यो खर्च सन् २०३० सम्ममा  ८९ हजार १२४ रुपैयाँ पुग्ने प्रक्षेपण गरिएको छ।

सफल आर्थिक पुन:एकीकरणका लागि वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिले नेपालमै बढी कमाइ हुने अवसर पाएको हुनुपर्छ, आम्दानीका स्रोतहरू फरक-फरक बनाउनुपर्छ र परिवारका धेरै सदस्यहरूले कमाइ गर्नुपर्छ। नत्र परिवारले बढ्दो राष्ट्रिय जीवनयापन खर्चसँग तालमेल मिलाउन गाह्रो हुनेछ।

# १२ महत्वपूर्ण चरण

## निर्णय र प्रक्रिया

**१. वैदेशिक रोजगारमा जाने निर्णय लिँदा**

परिवार सँगै बसेर लक्ष्य र जोखिमहरूबारे कुरा गर्दा राम्रो निर्णय हुन्छ।

**२. एजेन्ट छान्ने र कागजात मिलाउने बेला**

सरकारबाट मान्यताप्राप्त एजेन्ट छान्दा र पारदर्शी करार गर्दा वैदेशिक रोजगारीको बाटो सुरक्षित हुन्छ।

**३. विदेश जाने खर्च जुटाउँदा**

राम्रोसँग बजेट बनाउँदा र ऋणको हिसाब राख्दा घर फर्केपछि आर्थिक समस्या कम हुन्छ।

## विदेशमा हुँदा

**४. काम सुरू गर्नुअघिको तयारी**

विदेश जानुअघिको तालिम र कामबाट वास्तविक अपेक्षा राख्दा विदेशमा छिट्टै घुलमिल हुन सजिलो हुन्छ।

**५. काम गर्दैगर्दा परिस्थितिसँग घुलमिल हुने**

सहयोगी कार्यस्थल र चुनौती सम्हाल्ने सीपले आत्मविश्वास र कामको गुणस्तर बढ्छ।

**६. विदेशबाट परिवारसँग सम्पर्कमा रहने**

नियमित कुराकानी गर्दा परिवारमा विश्वास र माया कायम रहन्छ।

**७. बिदा र जाउआउको तयारी**

सबै यात्रा कागजात र रेकर्ड अद्यावधिक राख्दा फर्कन सजिलो हुन्छ।

**८. काममा समस्या परेमा**

दूतावास वा श्रम सहायता केन्द्रको नम्बर थाहा भए गम्भीर विवाद/ठगीबाट बच्न सकिन्छ।

## घर फिर्ती

**९. घर फर्कने निर्णय**

विदेशमै बस्दाबस्दै फर्कने योजना बनाउँदा नेपालमा पुनःएकीकरण सजिलो र व्यवस्थित हुन्छ।

**१०. घर आएपछि परिवारसँग भेटघाट**

दूतावास वा श्रम सहायता केन्द्रको नम्बर थाहा भए गम्भीर विवाद/ठगीबाट बच्न सकिन्छ।

## पुनःएकीकरण

**११. घर फर्केपछि जागिर वा कमाइको बाटो खोज्दा**

स्थानीय रोजगार सेवा केन्द्रमा गएर आफ्नो सीपअनुसारको रोजगारीका अवसरहरूसँग जोडिन सजिलो हुन्छ।

## फेरि वैदेशिक रोजगारमा जाने

**१२. फेरि विदेश जाने कि यतै बस्ने**

नेपालमै स्थिर कमाइ र सम्मान भयो भने विदेशबाट फर्केकाहरू यतै बसेर पुनःलगानी गर्न प्रोत्साहित हुन्छन्।

# अबको बाटो

पुन:एकीकरण सफल बनाउन समन्वयात्मक प्रयास, समावेशी र दीर्घकालीन सोच चाहिन्छ। तलका प्राथमिकताले नेपालको वैदेशिक रोजगार प्रणालीलाई दिगो र सुरक्षित बनाउन सहयोग गर्छन् :

माथि उल्लिखित वैदेशिक रोजगार चक्रका सबै १२ चरणमा पूर्ण सहयोग प्रदान गर्ने

स्थानीय तहका रोजगार सेवा केन्द्रहरूलाई पुन:एकीकरण सहयोगको मुख्य केन्द्र बनाउने

विदेशमा आर्जित सीपलाई नेपालमै मान्यता र प्रमाणपत्र दिने व्यवस्था गर्ने

वैदेशिक रोजगारबाट फर्केका महिलाका लागि लैङ्गिक उत्तरदायी कार्यक्रम बनाउने

पुनःएकीकरण र उद्यमशीलताका लागि ऋण-सहयोगमा पहुँच बढाउने

सङ्घ, प्रदेश, र स्थानीय तहबीच समन्वय बढाउने

दीर्घकालीन रोग वा अपाङ्गता भएका व्यक्तिहरूका लागि लक्षित कार्यक्रम तर्जुमा गर्ने

घरपरिवारको आर्थिक स्थिति सुदृढ बनाउन बढी कमाइ हुने अवसर र आम्दानीका विभिन्न स्रोत सिर्जना गर्ने

वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिका सञ्जालमार्फत एकअर्काप्रतिको सहयोग बढाई व्यक्तिगत तथा सामुदायिक उत्थानशीलता वृद्धि गर्ने

**वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरूको पुन:एकीकरण (रेमी)** परियोजनाले वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिलाई नेपालमै राम्रो जीवन पुनर्स्थापित गर्न र सामाजिक, सांस्कृतिक, आर्थिक एवम् राजनीतिक क्षेत्रमा सक्रिय रूपमा सहभागी हुन सहयोग गर्दछ। यो कार्यक्रम श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले कोशी र मधेश प्रदेशका सम्बन्धित मन्त्रालय तथा २० स्थानीय तहसँग साझेदारी गरी कार्यान्वयन गरिरहेको छ। सन् २०२२ को जुलाईमा सुरु भएको यो कार्यक्रम २०२६ को जुलाईसम्म कार्यान्वयनमा रहनेछ। कार्यक्रममा स्विस विकास सहयोग एसडीसीको आर्थिक सहयोग र हेल्भेटास नेपालको प्राविधिक सहयोग रहेको छ।

कार्यक्रमको प्रमुख लाभग्राहीमा खाडी मुलुक र मलेशियाको वैदेशिक रोजगारीबाट फर्किएका महिला तथा पुरुषहरू हुन् भने माध्यमिक लाभग्राहीमा सेवा प्रदायक संस्था, निजी कम्पनी, सहकारी संस्था तथा नागरिक समाजका संस्थाहरू रहेका छन्। रेमी परियोजनाले यी सबैसँग मिलेर पुन:एकीकरण सेवालाई सुदृढ बनाउन, नीतिगत संरचनामा सुधार गर्न तथा सरकारका सबै तहमा समन्वय बढाउन काम गरिरहेको छ।

यो जानकारी सामग्री (लिफलेट) वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरूको अनुभवबारे गरिएको गुणात्मक अध्ययनका नतिजामा आधारित रहेर तयार गरिएको हो। पूर्ण अध्ययन प्रतिवेदन यस क्युआर स्क्यान गरेर हेर्न सकिन्छ

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

Schweizerische Eidgenossenschaft
Confédération suisse
Confederazione Svizzera
Confederaziun svizra

Swiss Agency for Development and Cooperation SDC
स्वीस सरकार विकास सहयोग एसडीसी

HELVETAS NEPAL

ReMi